# मानवअधिकार आवाज

## *Human Rights Voice*

*HURJA News letter* *Vol .1* *Issue 2* *April /May 2009*

## सम्पादकीय मण्डल

किशोरकुमार पौडेल
विश्वनाथ आचार्य
गणेशप्रसाद घिमिरे
छत्र शंकर
रीमा झा
कालिका खड्का

# सम्पादकीय

*गएका महिनाहरु जस्तै पछिल्लो दुइ महिनामा पनि समग्र मुलुकको मानव अधिकारको अवस्था सन्तोषजनक हुन सकेन। पछिल्लो समयमा गत भदौमा गठन भएको माओवादी नेतृत्वको गठबन्धन सरकारले बैशाख २१ गते राजीनामा गरेपछि जनतामा भय त्रास डर सिर्जना भएको छ। प्रधानसेनापति प्रकरणका कारण सरकारबाट राजीनामा गरेपछि माओवादीका कार्यकर्ताहिरुले राष्ट्रपतिको कदमलाई समर्थन गरेको भन्दै काँग्रेस र एमालेका कार्यकर्ताहिरुलाई गाउँ गाउँबाट खेद्न सुरु गरेका छन्। उनीहरुले गाउँ छोड्न अल्टिमेटम दिएको र सो समयमा गाउँ नछाडे जुनसुकै भौतिक कारवाही गर्ने चेतावनी समेत दिएका छन्। त्यसै क्रममा माओवादी कार्यकर्ताहरुले नेकपा एमालेका महासचिव इश्वर पोखेललाई रामेछापमा गते जेठ ३ गते आक्रमण गरी हत्याको प्रयास गरेका छन्। त्यस्तै जुम्लामा हत्या नेपाली कांग्रेसका महासमिति सदस्य उमाकान्त हमालको हत्या माओवादीले गरेको दावी परिवारले गरेको छ। त्यस्तै ललितपुरको धोबीघाटस्थित एजम्सन चर्चमा जेठ १० गते भएको बम विष्फोटमा परि २ जनाको ज्यान गएको छ भने एकदर्जन बढी घाइते भएका छन्। त्यतिमात्र होइन राजधानीमा नै लुटेराहरुसँग सुरक्षाकर्मीको दोहोरो भिडन्त हुन थालेको छ। यसले राजधानीकै सुरक्षा अवस्था नाजुक भएको चित्रण हुन्छ।*

*मुलुकका बिभिन्न जिल्लामा विभिन्न रोगका कारण २ दर्जन बढीले ज्यान गुमाइसकेका छन भने भोकमारीका कारण हजारौं बासिन्दा बिस्थापित भएका छन। तराई क्षेत्रमा बिभिन्न हतियारधारी समुह तथा पुर्वी नेपालका पहाडी जिल्लाहरुमा बिभिन्न लिम्बुवान, खम्बुवान, किराँत वर्कर्स पार्टी,*

*तथा बिभिन्न संगठनका कारण जनतामा डर भय त्रास कायमै रहेको छ। महिलामाथि गरिने सबै प्रकारका हिंसा उन्मूलन गर्ने संयुक्त राष्ट्रसंघीय घोषणापत्र-१९९३ अनुसार महिला हिंसा, महिलामाथि गरिने बिभिन्न किसिमका शारीरिक, यौनिक, मानसिक एवम् हिंसात्मक व्यवहारहरुमा कमी आएको छैन। समग्रमा पछिल्लो दुइ महिनामा पनि समग्र क्षेत्रमा मानव अधिकारको अवस्था सुदृढ गर्न राज्यको पहल त्यति सकारात्मक नदेखिएका कारण त्यस तर्फ सरकार तथा सम्वद्ध पक्षको ध्यान जानु जरुरी छ॥*

*प्रधानसेनापति प्रकरणपछि माओवादी नेतृत्वको सरकारद्धारा राजीनामा*

# माओवादीका कारण काँग्रेस-एमालेका कार्यकर्ता गाउँ गाउँबाट विस्थापित

गत बैशाखको तेस्रो साता नेपालमा एउटा राजनीतिक उतारचढाबको सिर्जना भयो। प्रधानमन्त्री पदबाट माओवादी अध्यक्ष समेत रहेका पुष्पकमल दाहालले राजीनामा दिएपछि सो पार्टीले राष्ट्रपतिको कदमका विरुद्ध सडकदेखि सदनसम्मको आन्दोलन सुरु गऱ्यो। माओवादीले सरकार छाडेको घोषणा गरे लगत्तै उसका कार्यकर्ताले काँग्रेस र एमाले कार्यकर्ताहरुलाई जिल्ला कुटपीट गर्ने र लखट्ने कार्यलाई तिब्र बनाएका छन्। उनीहरुले राष्ट्रपतिका कदमको बिरोध नगरे जुनसुकै भौतिक कारबाही भोग्न तयार रहनुपर्ने चेतावनी दिएपछि काँग्रेस एमाले समर्थकहरु जिल्लाबाट बिस्थापित भएका छन्। सरकार छाडेको एकसाताभित्र नै रामेछाप, संखुवासभा, रसुवा, सिन्धुपाल्चोक, बर्दिया, तेह्रथुम, पाँचथर, बारा, खोटाङ लगायत करिव एक दर्जन जिल्लाहरु प्रत्यक्ष रुपमा र दुई दर्जन जिल्लाहरु नै अप्रत्यक्ष रुपमा प्रभावित भएका छन्।

दोलखाको काटाकुटी गाविसस्थित बीरेन्द्र माविमा पढाइरहेका शिक्षकहरुमाथी माओवादी गाउँ इन्चार्ज लक्ष्मण तामाङ सहितको समुहले आक्रमण गरेपछि शिक्षकहरु विद्यालय बन्दगरी जिल्ला सदरमुकाममा विस्थापित भई बसेका छन्। रामेछाप जिल्लामा माओवादीले एमालेको जिल्ला पार्टी कार्यालय तोडफोड गरेका छन्। माओवादीका जिल्ला सहइन्चार्ज राजन दाहालको नेतृत्वमा आएको समुहले जिल्ला तहका एमाले नेताहरुलाई कुटपिट समेत गरेका छन्। सो घटनापछि पार्टी कार्यक्रममा पुग्नुभएका एमाले महासचिव ईश्वर पोखेललाई समेत माओवादी कार्यकर्ताले राजधानी फर्कने क्रममा तिल्पुङ सडक खण्डमा आक्रमणको प्रयास गरेका थिए। तर सुरक्षाकर्मीहरुको सावधानीका कारण भने पोखेल आक्रमणबाट बच्न सफल रहनुभएको थियो।

बारा जिल्लामा पनि त्यहाँका जिल्ला नेताहरुले द्वन्द्वकालको जस्तै जनसरकार संचालन गर्ने घोषणा गरेका छन्। संखुवासभा जिल्लामा पनि माओवादीले जनकार्वाही थाल्ने घोषणा गरेको छ। यसरी माओवादीद्धारा बिभिन्न जिल्लामा थालिएका कुटपीट, धाक, धम्कीका कारण एमाले र काँग्रेस समर्थकहरु मात्र होइन सर्बसाधारण समेत त्रसित बनेका छन्। माओवादी अध्यक्ष पुष्पकमल दाहालले अन्य पार्टीका कार्यकर्तालाई लखेट्ने कुनै नीति नभएको बताए पनि पार्टीकै बरिष्ठ नेताहरुले भने जिल्ला जिल्लामा सार्वजनिक समारोहमा लखेट्न निर्देशन दिएका छन्। यसरी माओवादी संविधानसभामा ठुलो दल भएर पनि विगतमा झै माओवादीले आफ्ना हिंसात्मक गतिविधिहरु जारी राख्ने हो भने सर्वसाधारणले भय, त्रासरहित ढंगले बाँच्न पाउने अधिकार संकटमा पर्ने निश्चित छ।

# अपहरणको आशंकामा व्यक्ति हत्या



पछिल्लो समयमा मध्य तथा पुर्वी तराईका जिल्लाहरुमा अपरिचित देख्ने बित्तिकै अपहरणकारी भनेर हत्या गर्ने क्रम बढ्दै औएको छ। घटना कति दर्दनाक छन् भने गाउँलेहरुले उनीहरुलाई कुटीकुटी, मट्टितेल खन्याई आगो लगाएर समेत हत्या गरेका छन्। बैशाखको पछिल्ला तीनसातामा मात्र यसरी मारिनेको संख्या एक दर्जन पुगेको र घाइते हुनेको संख्या ४ दर्जन बढी रहेको छ। यस्ता घटनाहरु तराईका जिल्ला मध्ये मुख्यगरी धनुषा, महोत्तरी, सप्तरी र सिराहा बढी भएका छन्। अपहरणमा संलग्न भएको आरोपमा धनुषामा ७, सप्तरीमा ३ र महोत्तरीमा २ जनालाई गाउँलेले कुटीकुटी र जलाएर हत्या गरेका छन्। केही साता यता बालबालिका अपहरण गर्ने समुह विशेष गरी तराईका जिल्लाहरुमा सक्रिय रहेको हल्ला ब्यापक भएपछि जनजीवन आतंकित भएको छ। हत्या र कुटपीट हुनेमा धेरैजसो भारतीय नागरिक रहेको र केहीको भने परिचय खुल्न नसकेको प्रहरीले जनाएको छ।

बच्चा अपहरण गर्ने र आँखा निकालेर बेच्ने भारतीय नेपाल छिरेको हल्लाले गाउँले त्रस्त रहेका छन्। कतिपय जिल्लाका विद्यालयहरुले अभिभावकहरुलाई बालबालिकालाई विद्यालय आफै ल्याउन समेत पत्राचार गरेका छन भने कतिपय ठाउँमा अभिभावकहरुले बच्चालाई विद्यालय नै पठाउन छाडेका छन्। यस्ता घटनाहरुको दिनहुँ बृद्धि हुन थालेपछि मात्र प्रशासनले केही सक्रियता बढाएको छ। गाउँलेले प्रहरीलाई बुझाएका मानिसहरुमा गरिएको अनुसन्धानले कोही मानसिक रोगी , केही मागी खाने, जोगी र केही कामको खोजीमा नेपाल आएको समेत रहेको प्रहरीले जनाएको छ। मानसिक रोगी देख्नासाथ बालबालिकले जिस्क्याउने गरेको र रोगीले पनि बालबालिकाहरुलाई लखेट्दा गाउँलेहरु भ्रममा परि अपहरणकारी भन्दै समातेर कुटपीट गर्नुका साथै हत्या समेत हुने गरेको छ।

तराइका जिल्लाहरुमा बच्चा चोरी हुने र बेचिने घटना छिटफुट हुने गरेको कारण नै पछिल्लो समयमा अपहरणको हल्लाले ठुलो रुप लिएको हो। सबै घटनाहरुमा बच्चा फकाएर अपहरणकारीमा आरोपितहरुले लाँदै गरेका अवस्थामा भने भेटिएका छैनन्। यस्ता घटनाहरु दिनहु बढ्न थालेपछि प्रहरी प्रसासनले सक्रियता बढाएकोले केही कमी आएको छ। बिशेष गरी तराईका जिल्लामा पछिल्ला बर्षमा देखिएका बिभिन्न हतियारधारी समुहको अपराधिक गतिविधीका कारण त्रस्त बनेकोमा पछिल्लो पटक बिकसित यस्ता घटनाले अझ जनजीवन भयभित बनेको छ। यस्ता घटनाहरु प्रति प्रशासन समयमा नै सतर्क नभए यस्ता घटनाहरु पटक पटक नदोहोरिएलान भन्न सकिन्न।

# आइसीआरसीको बेपत्ता प्रतिवेदन सार्वजनिक

रेडक्रसको  अन्तर्राष्ट्रिय समिति आइसीआरसीद्धारा प्रकाशित नेपालमा बेपत्ता पारिएका ब्यक्तिका परिवार तिनका आवश्यकता को अध्ययन प्रतिवेदनमा सन् १९९६ देखि २००६ को अवधिमा द्वन्द्वको कारण नेपालमा बेपत्ता पारिएका परिवारका ब्यक्तिका परिवारहरुको दयनीय अवस्था माथि प्रकाश पारिएको छ। गत बैशाख २१ गते सार्वजनिक गरिएको प्रतिवेदनमा बेपत्ता ब्यक्तिका परिवारहरुले सर्वप्रथम त आफन्तको अवस्था थाहा पाउनुपर्ने र सो कार्यमा संलग्नहरुको छानविन गरी दोषीलाई कारवाही हुनुपर्ने माग पनि सरकारसँग गरेका छन्। बाँके, बर्दिया, धादिङ, गोरखा, रोल्पा, सिराहा, धनुषा, काठमाण्डौ, ललितपुर र भक्तपुरमा गरिएको अध्ययनबाट प्रतिवेदन तयार गरिएको हो भने उक्त १० जिल्लामा अधिराज्यभर बेपत्ता भएका संख्याको ४३ प्रतिशत हो। आइसीआरसीसँग द्वन्द्वको समयमा बेपत्ता हुनेको संख्या १ हजार २ सय २७ रहेको तथ्यांक छ।

# मानव अधिकारको अवस्था विश्लेषण

## *शान्ति सुरक्षा*

पछिल्ला दुई महिना अप्रिल र मे पनि सुरक्षाका दृष्टिकोणले  सन्तोषजनक हुन सकेनन्। मुलुकका बिभिन्न भागमा हत्या, हिंसा, अपहरण जस्ता मानव अधिकार उल्लंघनका घटनाहरु जारी रहे। सुरक्षा अवस्था कति कमजोर हुदै गएको छ भन्ने कुरा जेष्ठ ९ गते ललितपुरको धोविघाटस्थित रहेको चर्च अफ एजम्सनमा भएको विष्फोटका घटनाले पुष्टि गरेको छ। नेपाल डिफेन्स आर्मीले गराएको सो घटनमा २ जनाको तत्काल मृत्यु भएका थियो  भने एक दर्जन बढी घाइते भएका छन। विस्फोटमा परि निधन हुनु भएका भारतीय नागरिक १५ वर्षिय विद्यार्थी सेलेस्टिना जोसेफ र ३० वर्षिय दीपा पैट्रिक थिए। विशेष गरी तराई क्षेत्रमा हिंसात्मक घटनाहरु घटिनै रहे भने बन्दको पनि ठुलो मार खेप्नुपर्‍यो।

तराई क्षेत्रले बैशाखमा मात्र १२ (बैशाख ८ देखी २० सम्म) दिन थरुहट बन्दका कारण सास्ती ब्यहोर्नु पर्‍यो भने अन्य छिटफुट बन्द त तराई क्षेत्रका लागि सामान्य दिनचर्या नै भैसकेको छ। छिटफुट बाहेक गत जेठ ३ गते मुलुकको एक मात्र रेल्वे  सेवा जनकपुर जयनगर सेवामा अज्ञात समुहले गरेको बिस्फोटका कारण ३० यात्रु घाइते भएका छन्। त्यसैगरी पर्साको बिन्दवासीनीमा जेठ ५ गते राती जन्ती सवार ट्रयाक्टरमा पनि अज्ञात समुहले बिष्फोट गराउँदा ५ जना घाइते भएका छन्।

## *शैक्षिक अवस्था*

मुलुकमा विद्यालय तहमा नयाँ शैक्षिक सत्र सुरु भएको छ। एकातिर राज्यले बिभिन्न दुर्गम ठाउँमा पाठ्यपुस्तक समयमा नै पुर्‍याउन नसक्दा विद्यालय जाने अधिकारबाट बन्चित हुनुपरेको छ भने विशेष गरी तराई क्षेत्रमा हुने बन्दले पनि शैक्षिक संस्थाहरु बन्द हुँदा अवस्था झन् दयनीय बनेको छ। क्याम्पस तहमा पनि बिभिन्न राजनैतिक दलहरुसंग आवद्ध विद्यार्थी संगठनहरुले बिभिन्न सेवा सुबिधाको माग गर्दै अराजकता सिर्जन गर्ने, भौतिक सम्पत्ति नष्ट गर्ने चलन पनि कायम नै रहेको

छ। मुलुककै अग्रणी विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा माधव शर्मा र शिक्षाध्यक्ष सुर्यलाल अमात्यलाई विद्यार्थी शुल्कको विषयलाई लिएर अखिल क्रान्तिकारीले कालोमोसो दली बेइज्जत गर्ने कार्य गरेका छन्।

विश्वविद्यालयको ५ दशक लामो इतिहासमा पहिलो पटक विश्वविद्यालयका उच्चअधिकारी माथि बेइज्जती गर्ने कार्य भएको सो घटनामा संलग्नहरुलाई प्रहरीले पक्राउ गरेतापनि माओवादी कै नेतृत्वमा रहेको सरकारले तुरुन्त छाडिदिएको छ। यसले अराजक गतिविधि गर्ने कार्यलाई अझ बल पुऱ्याउने काम गरेको छ। यस बर्षको कक्षा १२ को परीक्षाका तीन बिषयका प्रश्नपत्रहरु परीक्षा अगाबै बाहिरीएपछि लाखौ विद्यार्थीहरु आफ्नो परीक्षा दिन पाउने अधिकारबाट तत्काल बन्चित भएका छन।

## स्वास्थ्य अवस्था

मुलुकमा स्वास्थ्य अवस्थामा पनि त्यति सन्तोषजनक रहेको पाइदैन। कुनै राजनीतिक दलसग आबद्ध एक जना कार्यकर्ता मारिंदा मात्र पनि मुलुकनै आन्दोलित हुने तर स्वास्थ्य उपचारको अभावमा दर्जनौको मृत्यु हुँदा समेत राज्य गम्भीर भएको पाइएन। जाजरकोट जिल्लामा मात्र झाडापखालाका कारण एक दर्जन बढीको मृत्यु भयो भने तीन हजार बढी प्रभावित भएका छन्। यसैगरी हुम्ला जिल्लामा रुघाखोकीका कारण एक दर्जन स्थानीय बासीन्दाको मृत्यु भएको छ। त्यस्तै गोरखामा भाइरल इनफ्लुएन्जाबाट एक दर्जन वढीको मृत्यु भयो। यस्ता सामान्य रोगका कारण सर्वसाधारणले ज्यान गुमाउनुमा राज्य नै दोषी रहेको छ। हाल स्वास्थ्य क्षेत्रमा रहेका करिब २ हजार पदहरु पुर्ति हुनसकेको छैन, जसमा ग्रामीण स्वास्थ्य कार्यकर्ताको संख्या धेरै रहेको छ। सरकारले बर्षेनी स्वास्थ्य संस्थाहरु थपिरहेको भएपनि दरबन्दी भने विगत १६ बर्षदेखि थपेको छैन।

## सामाजिक अवस्था

राज्यको बेवास्ताका कारण कतिपय जिल्लामा अहिले लाखौं जनता भोक भोकै रहन बाध्य भएका छन् भने कतिपय जिल्लामा बिस्थापित भएका छन्। कालिकोट जिल्लाका सातवटा गाविसमा भोकमारीका कारण हजारौ जनता बिस्थापित भएका छन्। डोटी जिल्लामा हजारौ बासिन्दा भोकमारीको चपेटामा परेका छन्। मध्यपश्चिमाञ्चल र सुदुरपश्चिमाञ्चलका प्रायजसो जिल्लाहरुमा बर्षेनी ठुलो मात्रामा भोकमारीको चपेटामा पर्ने भएपनि जनताले पैसा तिरेर पनि किन्न पाउने अवस्था राज्यले सिर्जना गर्न सकेको छैन। अवस्था कति भयावह र दहनीय बन्दै गएको छ भने गरिबी र अभावका कारण आत्माहत्याका घटनाहरु पनि हुन थालेका छन्।

## आर्थिक क्षेत्र

पछिल्लो समयमा मुलुकको आर्थिक क्षेत्रको मेरुदण्डको रुपमा रहेको उद्योग व्यवसायको स्थिती पनि सन्तोषजनक छैन। लगातार तराई क्षेत्रको बन्द, हड्ताल त कहिले दुर्घटना तथा अधिकारका नाममा केही घण्टादेखि हप्तौसम्म हुने बन्दका कारण उद्योगहरु कच्चापदार्थको अभावमा बन्द हुन पुगे भने सयौंको संख्यामा मजदुर बेरोजगार समेत भएका छन्। मुलुकका प्रमुख औद्योगिकक्षेत्रहरु बिराटनगर, हटौडा, वीरगंजका उद्योगहरुले लगातार बन्द, लोडसेडिङ लगायतका कारण मुलुकले ठुलो आर्थिक नोक्सानी ब्यहोर्नु परेको छ। पछिल्लो समयमा १२ दिन भएको बन्दका कारण बिराटनगर सुनसरी करिडोरमा मात्र करीब ६ अर्बको नोक्सान ब्यहोरेका छन्। बिगतमा झै पछिल्लो महिनामा पनि ब्यवसायीहरुको हत्या अपहरण चन्दा आतंक जारी रहँदा ब्यवसायीहरु ढुक्क हुने अवस्था रहेको छैन। सरकारले सन २०११ लाई नेपाल भ्रमण बर्ष घोषणा गरी १० लाख पर्यटक भित्रयाउने लक्ष्य लिएपनि बिभिन्न दलसँग आबद्ध संगठनहरुले बिभिन्न माग राखी पटकपटक बन्द, हड्तालका कारण अवस्था सहज देखिएको छैन।

### *संचारक्षेत्र*

दिलबहादुर अधिकारी चितवन, चन्द्र भुषन साह वीरगञ्ज, प्रवीन ज्ञवाली र दिपेन्द्र पौडेल काठमाण्डौ, प्रदिप कोइराला स्याङजा, सन्जय साह पर्सा, शंकर आचार्य पर्सा, ध्रुव रिजाल मोरङ., भोला वाग्ले लगायतका पत्रकारहरुलाई विभिन्न राजनीतिक दलका कार्यकर्ता, विभिन्न समुह तथा पहिचान नखुलेका समुहबाट ज्यान मार्ने धम्की दिइएको, कुटपिट समेत गरिएको छ। त्यति मात्र नभई वहालवाला शिक्षा मन्त्री रेणु यादवले सप्तरीका पत्रकार वैद्यनाथ यादवलाई ज्यान मार्ने धम्की दिई पत्रकार यादवको घर तोडफोड समेत गर्न लगाएको पाइयो ।

### घटनाक्रमहरु

| घटनाका कारक पक्ष घटनाहरु | हत्या (कुटपीट, गोली प्रहार, बम विस्फोट) | अपहरण | बम बिष्फोट घाइते |
|---|---|---|---|
| एकिकृत माओवादी | | १४ | |
| अज्ञात समूह | १९ | ६ | ४७ |
| मधेसी मुक्ति संग्राम | | | १ |
| ब्यक्तिगत | ३ | | |
| जनतान्त्रिक मधेस मुक्ति टाइगर्स | १ | | |
| मधेसी जनतान्त्रिक क्रान्तिकारी संगठन | | | |
| नेपाल डिफेन्स आर्मी | २ | | १३ |
| संयुक्त जनतान्त्रिक तराइ मुक्ति मोर्चा | | १ | |
| मधेसराष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी) | १ | | |
| जम्मा | २६ | २१ | ६१ |

# एचआईभी संक्रमितका पक्षमा कानुन बनाउन सरकारलाई सर्वोच्चको आदेश

सर्वोच्च अदालतले एचआइभी एड्स संक्रमितको कानुनी हक संरक्षण र भेदभावविरुद्ध कानुन बनाई व्यवस्थापिका संसदमा पेस गर्न सरकारलाई निर्देशनात्मक आदेश दिएको छ। तीनवर्ष अघि दायर रिटमा गत बैशाख ३० गते यस्तो आदेश भएको हो । न्यायधीशद्धय कल्याण श्रेष्ठ र सुशिला

कार्कीको संयुक्त इजलासबाट जारी आदेशमा एचआइभी संक्रमितहरुलाई सार्वजनिक सेवाबाट सुविधाको पहुँच सुनिश्चित हुने व्यवस्था गर्न भनेको हो ।

त्यस्तो व्यवस्था गर्न सम्बन्धित विशेषज्ञ र प्रभावित समुह समेतसँग परामर्श गरी प्रभावित वर्गको हकलाई केन्द्रबिन्दुमा राखी कानुनी ब्यवस्थाको तर्जुमा गरी प्राथमीकताका साथ व्यवस्थापिका संसदमा पेश गर्न कानुन मन्त्रालय र स्वास्थ्य मन्त्रालय समेतको नाममा निर्देशनात्मक आदेश जारी गरिएको हो ।

हालसम्म नेपालमा करीब ७५ हजारको संख्यामा एचआईभी संक्रमित रहेको बताइन्छ ।

# ओएचसिएचआरको म्याद तीन महिना थप

नवगठित सरकारले राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपाल कार्यालय ( ओएचसिएचआर ) को म्याद तीन महिना थप गर्ने निर्णय गरेको छ। राष्ट्रिय मानव अधिकार आयोग र ओएचसिएचआरवीच क्षेत्राधिकार लगायतका विषयमा मतभेद कायमै रहेको र आगामी जेठ २६ गते म्याद सकिन लागेकाले सरकारले म्याद थप्ने निर्णय गरेको हो। तर जेनेभास्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यलयले भने ३ बर्ष म्याद थप गर्न सरकारसग आग्रह गर्दै आएको थियो ।

ओएचसिएचआरको म्याद थप गर्ने विषयमा मानव अधिकारकर्मीहरुकावीच मतभेद रहेको बेला हाल मुलुकका विभिन्न भागमा जारी हत्या, हिंसा, मानव अधिकार उल्लंघनका घटनाहरुले यसको महत्वका विषयमा सबै अधिकारकर्मीहरुले एउटै धारणा बनाउनु आवश्यक रहेको छ ।

तत्कालीन शाहीकालमा मानव अधिकार उल्लंघन र ज्यादतिका घटनाबारे अनुगमन गर्न पहिलो पटक ०६२ जेठ २७ मा नेपालमा कार्यालय खोलेको थियो। ओएचसिएचआरका विश्वका विभिन्न भागमा रहेका करीब ४ दर्जन मिसनहरुमध्ये नेपालमा रहेको मिसन ठुलो हो ।

# माओवादी लडाकुलाई आचारसंहिता

मुलुकका बिभिन्न शिविरमा रहेका माओवादी लडाकुहरुलाई राजनीतिक संलग्नताबाट अलग्याउने प्रकृया सुरु भएको छ। रेखदेख, समायोजन तथा पुनर्स्थापना विशेष समिति गठन भएपछि सैद्धान्तिक रुपमै लडाकुहरु यसको मातहतमा आइसकेका छन् ।

विशेष समितिको बैशाख २ गते बसेको बैठकले आचारसंहिता बनाएर उनीहरुको राजनीतिक संलग्नता बिधिवत रुपमा अलग्याउने निर्णय गरेको हो। विशेष समिति गठन भएको तीन महिना बितिसकेको भएपनि लडाकु कमाण्डरहरुले राजनीतिक रुपमा बक्तब्यबाजी गरेको तथा माओवादी सम्वद्ध झण्डा तथा चिन्हहरु प्रयोगमा रहेकाले आचारसंहिता बनाएर प्रतिबन्ध लगाउने सहमतिमा दलहरु पुगेका हुन। तर विशेष समिति गठन भए लगत्तै अयोग्य लडाकुलाई शिविरबाट निकाल्न सरकारसँग आग्रह गरेको भएपनि हालसम्म सो कार्य हुन सकेको छैन ।

सात प्रमुख र २१ सहायक सहायक शिविरमा १९ हजार ६ सय  २ माओवादी लडाकु रहेका छन् ।

## सरकारद्वारा अन्तर्राष्ट्रिय आदेशको उल्लंघन

## बाल अधिकार उल्लंघनकर्ताको सुचीमा नेपाल

बालबालिकाको सुरक्षा र अधिकार प्रत्यायोजनका  आधारमा नेपाल गम्भीर उल्लंघनकर्ताको सुचीमा रहेको संयुक्त राष्ट्रसंघले जनाएको छ । राष्ट्रसंघका महासचिव बान की मुनद्धारा बालबालिका तथा सशस्त्र द्वन्द्व सम्बन्धी न्युयोर्कमा जारी बार्षिक प्रतिवेदनले अहिले पनि माओवादीका विभिन्न शिविरमा १८ बर्षमुनिका २ हजार ९ सय ७३ बालबालिका रहेको उल्लेख गरेको छ । बालबालिकाको भर्ति, प्रयोग, हत्या, अंगभंग, बलात्कार तथा अन्य यौनहिंसा, अपहरण, विद्यालय तथा अस्पतालमा आक्रमण र बालबालिकालाई मानवीय सहयोग पुऱ्याउने काममा अवरोध गरेको आधारमा नेपाल गम्भीर उल्लंघन गर्ने देशको सूचीमा परेको छ ।
अफगानिस्तान, बुरुण्डी, सेन्टर अफ्रिलकन रिपब्लिक, चाड, कोलम्बिया, डेमोक्रेटिक रिपब्लिक अफ कंगो, जर्जिया, हेइटी, इराक, लेबनान, म्यान्मार लागायतका २० देश यस सूचीमा रहेका छन् ।

# राष्ट्रसंघीय मानवअधिकार समितिको आदेश सरकारद्वारा उल्लंघन

नेपाल सरकारले जेनेभास्थित राष्ट्रसंघीय  मानव अधिकार समितिद्धारा दिइएको नेपाल सम्बन्धी आदेशलाई उल्लंघन गरेको छ । राष्ट्रसंघीय समितिले ६ महिनामा बेपत्ता एक नागरिकको परिवारको परिवारलाई क्षतिपुर्ति तथा दोषीलाई कारबाही गरी जानकारी दिन दिएको आदेशको म्याद बैशाख १५ गते मंगलबार सकिएको छ ।
समितिले बाग्लुङका सुर्यप्रसाद शर्मालाई बेपत्ता पारिएको मुद्दामा सरकारका नाममा उक्त आदेश जारी गरेको हो । शर्माकी पत्नी जसोदाले नेपाल भित्र न्याय नपाएपछि जेनेभास्थित समितिमा मुद्दा दायर गरेकी थिइन् ।  सरकारले आदेशको पालना तर्फ कुनै कारबाही अघि बढाएको छैन । सरकारले समितिलाई  आदेश कार्यन्वयनको स्थितिका बारेमा कुनै जानकारी समेत दिएको छैन । समितिले शर्मालाई बेपत्ता पारिएको मुद्दामा सरकारका नाममा उक्त आदेश जारी गरेको हो । समितिले २०६५ कार्तिक १२ मा उक्त मुद्दामा तीन बुँदे आदेश दिएको थियो । समितिको आदेशमा शर्मा जिवित छन् वा हत्या भएको भए कसले गऱ्यो र दोषीमाथी कारबाही होस् ।

सुर्यप्रसादलाई २०५८ माघ १ मा सेनाले घरबाटै लिएर गएको थियो । उनी माओवादी समर्थक थिए तर अहिले माओवादी नेतृत्वको सरकारले परिवारलाई जानकारी मात्र नदिएको होइन कुनै क्षतिपुर्ति

समेत  दिएको छैन। देश गणतन्त्रमा गई शर्माको समर्थन रहेका दल माओवादी विद्रोहबाट रुपान्तरण भई  सत्ताको नेतृत्वमा पुगेको छ तर उनकी पत्नी जशोदाको बिलौना जस्ताको तस्तै छ। पीडित परिवारहरुले कुनै सत्यता थाहा पाउन सकेका छैनन्।

## इन्सेकद्धारा बलात्कारका घटनासम्बन्धि प्रतिवेदन हस्तान्तरण

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले नेपालमा भएका बलात्कारका घटनाहरु समेटिएको महिला हिंसा सम्बन्धी प्रतिवेदन राष्ट्रसंघीय प्रतिवेदक समक्ष बुझाएको छ।

"नेपालमा लैंगिक हिंसा : बलात्कारका घटनाहरु" शिर्षकको सो प्रतिवेदन चैत्रको अन्तिम साता बुझाइएको हो। सन् २००८ मा भएका २ सय २५ बलात्कारका घटनाहरु समेटिएको प्रतिवेदनमा लैंगिक हिंसाले महिला तथा बालिकाहरुमा पुऱ्याएको असरका बारेमा प्रकाश पारिएको छ।
घटनामा ३३ महिनाका बालिकादेखि ६३ वर्षका वृद्धाहरु समेत पीडित भएका छन्। लैंगिक न्यायको स्थापना गरी लैंगिक हिंसाको अन्त्यको सुनिश्चितताका लागि उपयुक्त कदम चाल्नु पर्नेमा पनि सो प्रतिवेदनमा जोड दिइएको छ।

## समाचार संक्षेप :

## एम्नेष्टीको प्रतिवेदन सार्वजनिक

राजनैतिक दलहरुले  बृहत शान्ति सम्झौतामा गरेका प्रतिवद्धता पालना नगरेको मानव अधिकारको विश्वव्यापी संस्था एम्नेष्टी इन्टरनेसनले  बताएको छ। सन २००८ मा विश्वभरिका १ सय ५७ देशको मानव अधिकारको अवस्थालाई समेटेर तयार पारिएको बार्षिक प्रतिवेदनमा नेपालमा दण्डहीनता अन्त्य गर्न कुनै प्रक्रिया अघि नबढाइएको भन्दै चिन्ता ब्यक्त गरिएको छ। विश्वब्यापीरुपमा जेठ १४ गते सार्वजनिक गरिएको प्रतिवेदनमा शसस्त्र द्वन्द्वमा भएका मानव अधिकार हननका घटनाहरुको सत्य पत्ता लगाउने, न्याय दिने तथा परिपुरण  उपलब्ध गराउने प्रक्रिया अघि नबढेको पनि उल्लेख गरिएको छ।
तराइमा शसस्त्र समुहहरुद्धारा हत्या, लुटपाट अपहरण र आतंक सिर्जना गरी मानव अधिकारको ज्यादती गरिरहेको तथा प्रमुख दलका युवा संगठनहरुले कानुनलाई हातमा लिइ प्रहरी प्रशासनको कार्यलाई प्रभावित पार्ने गरेको, माओवादी अस्थायी शिविरमा रहेका दुइहजार पाच सय बढी बाल सैनिकहरु अहिलेसम्म पनि शिविरमा नै रहेको घटनामा पनि प्रतिवेदनले आपत्ती जनाएको छ।

## *महासेनानी खत्रीलाई अवकास*

सरकारले मैना सुनुवारको हत्यामा संलग्न महासेनानी बबी खत्रीलाई अवकाश दिने निर्णय गरेको छ। मन्त्रीपरिषद्को जेठ १३ गते बसेको बैठकले महासेनानी खत्रीलाई अवकाश दिने निर्णय गरेको हो। जंगी अड्डाले २ बर्ष म्याद थपका लागि पठाएको सिफारिसलाई सरकारले अस्वीकार गरेपछि खत्रीले अवकास पाएका हुन्। द्वन्द्व कालमा नेपाली सेनाद्धारा हत्या गरिएकी काभ्रेकी १५ बर्षीय सुनुवारको हत्यामा आरोपित भएकाले सरकार अवकास दिने निर्णयमा पुगेको हो।

## हेग महासन्धिमा हस्ताक्षर

अन्तर्देशीय धर्म सम्बन्धी प्रथम अन्तर्राष्ट्रिय सम्मेलन २०६३ ले जारी गरेको हेग महासन्धिमा सरकारले हस्ताक्षर गरेको छ। बालबालिकाले परिवार प्राप्त गर्न पाउने अधिकारलाई संरक्षित गरिएको यस महासन्धिलाई सरकारले गत वैशाख १५ गते हस्ताक्षर गरेको हो। देशमै पारिवारिक वातावरणमा हुर्कन पाउने, परिवार विहिन बालबालिकालाई धर्म सन्तानका रुपमा अन्तर्देशीय नागरिकलाई ग्रहण गर्ने ब्यवस्था मिलाउने लागायत विषय महासन्धिमा समेटिएका छन्।

मानव अधिकार पत्रकार संघ (हुर्जा) नेपालद्वारा प्रकाशित, पो.ब.नं. ८२३३, अनामनगर,
काठमाडौं, नेपाल, फोन नं. **०१-४२४९८००** ,
इमेल : **info@hurjanepal.org**